स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फूलपातीको दिनबाट रिलिजमा आएको फिल्म 'माइतीघर'ले उत्साहजनक प्रतिक्रिया प्राप्त गरेको छ। फिल्मले प्रवर्धन अभियानअन्तर्गत शीर्ष गीतमा भिडियो प्रतियोगिता आयोजना गरेको थियो। 'बसन्त नै बस्न खोज्छ यहाँ लोलाएर' बोलको गीतमा आयोजना गरिएको प्रतियोगिताका विजेता घोषणा गरिएको छ। यो गीतमा भिडियो तयार पारेका १ हजार भन्दा धेरै जनामध्ये २ जनालाई विजेता घोषणा गरिएको हो।

**आजको विचार...**



राजनीतिक... (दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे

जनैलाई विम्व बनाएर भनिएको कथा 'जनै हराएको मान्छे' शुक्रबारदेखि प्रदर्शन तयारीमा छ। शीर्षमध्येको भूमिकामा केकी अधिकारीले अभिनय गरेकी छन्। पछिल्लो समयकी हिट निर्मात्री तथा अभिनेत्री केकी अहिलेकी ब्यस्त कलाकार हुन्। आफूलाई यथार्थवादी कथा र चरित्रमा प्रस्तुत गर्ने केकी दर्शकमाझ प्रिय छिन्। उनी आफै पनि फिल्म निर्माणको तयारीमा छिन्। यी आयाममा केकीले अनलाइनखबरकर्मी विष्णु शर्मासँग संक्षिप्त संवाद गरेकी छन् : फिल्म 'जनै हराएको मान्छ' कस्तो फिल्म हो।



❒ वर्ष ३१ ❒ अंक ७६ ❒ २०८२ असोज २१ गते मंगलबार 07 Octber 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### भारी वर्षाका कारण २४ को मृत्यु

(रासस/सिन्ह्वा) ——


**नयाँदिल्ली,** असोज २०/पूर्वी भारतीय राज्य पश्चिम बङ्गालमा निरन्तरको वर्षाका कारण आएको पहिरोमा परी कम्तीमा २४ जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको अधिकारीहरूले सोमबार बताएका छन् । पश्चिम बङ्गालको राजधानी कोलकाताबाट करिब ६२६ किलोमिटर उत्तरमा रहेको दार्जिलिङ सहरमा आइतबार पहिरो जाँदा घरहरू बगाएको थियो भने सडकहरू काटान हुनुका साथै गाउँहरू तहस नहस भएको जनाइएको छ । प्रकोपले व्यापक विनाश गर्नुका साथै हिमालयको फेदमा रहेको बस्तीका सयौं बासिन्दाका साथै पर्यटकहरू प्रभावित भएको जनाइएको छ । प्रकोपका कारण सुचना तथा सञ्चार सञ्जालहरु पनि बन्द भएको अधिकारीहरूले जनाएका छन् । अधिकारीहरुका अनुसार दार्जिलिङमा आइतबार भारी वर्षा हुँदा मिरिक र सुखिया पोखरीसहित धेरै क्षेत्रमा पहिरो गएपछि प्रहरी तथा विपद् व्यवस्थापन अधिकारीहरूले उद्धार अभियान सुरु गरेका थिए । पहिरोले सिक्किमलाई जोड्ने सडक र दार्जिलिङ र सिलिगुडीलाई जोड्ने सडकसहित प्रमुख मार्गहरूमा सडक अवरोध निम्त्याएको छ ।

# कोतघरमा सरायको रौनक

**हाम्रा संवाददाता** ——

**तम्घास (गुल्मी),** असोज २०/दसैं सकिएलगत्तै गुल्मीका कोतघरमा सरायको रौनक देखिएको छ । नेपालका पश्चिमी जिल्लामा सराय नाच्ने गरिन्छ । एकादशीदेखि कोजाग्रत पूर्णिमासम्म नाचिने सरायमा खुडा, भाला, तरवार, खुकुरी जस्ता युद्धमा प्रयोग हुने हतियार प्रदर्शन गरी 'वाख्खै वा' शब्द उच्चारण गरी गरिन्छ ।

गुल्मी, अर्घाखाँची, प्यूठान लगायतका जिल्लामा एकादशी, द्वाद्वसी, त्रायोदशी र पूर्णिमाको दिन फरक-फरक ठाउँमा सराय नाच्ने गरिन्छ । गुल्मीको इस्मा मैदान, धुर्कोट कालिका मन्दिर, वाग्ला कोत, राङदलचौर, कुमारीदेवी मन्दिरलगायतका स्थानमा सराय नाचिएको छ । पूर्णिमाको दिन धुर्कोट कोत, अर्जै, मुसिकोटलगायतका स्थानमा सराय नाचिन्छ । सरायमा बालबालिका, युवा, महिलाका साथै वृद्धवृद्धासमेत नाच्ने गरेको इस्मा कोटका पुजारी गोविन्द अर्यालले बताए । रङ्गीचङ्गी ध्वजापतकाले सिङ्गारिएको आलमलाई भगवान्को प्रतीकको रूपमा लिइन्छ । लाइनमा



रहेका सयौं भक्तजन एक समूहले अर्को समूहलाई आक्रमण गरे जस्तो देखिने सराय नाँच रमाइलो संस्कृतिका रूपमा लिइन्छ । राक्षससँगको लडाइँमा सत्यको विजयपछि सत्यका पुजारीले विजयोत्सव स्वरूप कोत र दुर्गा भगवती तथा कालिका मन्दिरमा हतियार नचाएर सराय नाच्न थालिएको हो । यसरी नाच्दा देवी प्रसन्न हुने धार्मिक विश्वास गरिन्छ । वाग्लाको वाग्ला माध्यमिक विद्यालयको प्राङ्गणमा विसं २०१५ भन्दा अगाडिदेखि नै सराय नाच्न थालिएको स्थानीयसमेत रहेका पूर्ववडाध्यक्ष हिमप्रसाद पन्थीले बताए । "तत्कालीन समयमा युद्धमा प्रयोग हुने हतियार प्रदर्शन गरेर सराय नाचिन्छ", पन्थीले भने, "युवा सहभागिताले सरायमा उत्साह थपेको छ ।" इस्माकोट मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष कृष्णप्रसाद रिजालले परापूर्वकालदेखि नै सराय नाचिएको बताए । "सुरु भएको मिति त कसैलाई थाहा छैन, तर बाउ-बाजेका पालादेखि नै मैदानमा सराय नाचिएको छ", उनले भने । इस्मामा छापाली र इस्माली भेट भएपछि सरायको औपचारिक सुरुआत हुन्छ । बाइसेचौबिसे राज्य हुँदाताका भुरे राजाले आफ्नो कोतमा सराय नाच नचाउने गरेपछि नै सराय सुरु भएको बूढापाका बताउँछन् । यस्तो छ सरायको किंवदन्ती घटस्थापनादेखि नौ दिनसम्म देवीको पुजा गर्दा महाकाली उत्पति भइन् । पछि महाकाली ठूली हुँदै गइन् र राक्षसलाई मारिन् । त्यसपछि रामचन्द्रले राउण्डेलाई मारे । नौ दिनसम्म पूजा गरी राक्षसलाई मारेको उत्सवस्वरूप दसैंको टीका लगाउने प्रचलन बस्यो । त्यसैगरी राउण्डेलाई मारेको उत्सवमा हजारौं वर्षअघि द्वापरयुगमा सराय खोल्न थालिएको इतिहास छ । संरक्षण गर्ने प्रयासमा स्थानीय तह धुर्कोट गाउँपालिका अध्यक्ष भूपाल पोखरेलले आफुहरूले धुर्कोट कोतलगायतका मन्दिरमा संरचना थप गर्ने, मर्मत गर्ने लगायतका काम गरेर सराय नाचलाई व्यवस्थित गर्न लागिपरेको बताए । "बसाइँ सरेका नागरिक पनि दसैंमा घर आउने भएकाले सरायमा उल्लेख्य सहभागिता देखिन्छ", उनले भने, "सराय खेल्न युवा पुस्तालाई उत्प्रेरित गरेका छौं ।" उनले प्रत्येक मन्दिरहरूमा सराय व्यवस्थित गर्नका लागि बजेटसमेत विनियोजन गरेको बताए ।

त्यस्तै इस्मा गाउँपालिकाका प्रमुख भगतसिंह खड्काले गाउँपालिका भित्रका विभिन्न कला संस्कृति र परम्परा जोगाउन आफुहरू योजनाबद्ध रूपमा लागेको बताए । उनले अहिले पञ्चेबाजा संरक्षण, मठ मन्दिरको संरक्षणलगायतका काम भइरहेकाले अब बिस्तारै ऐतिहासिक कला संस्कृतिको प्रचारप्रसार र जगेर्ना गर्नुपर्नेमा जोड दिए । त्यसैगरी रु एक करोडभन्दा बढीको लागतको इस्माकोटको मर्मत तथा पुनर्निर्माण गरिएको उनको भनाइ छ ।

# मनसुन बाहिरिन सुरु



**काठमाडौं,** असोज २०/जल तथा मौसम विज्ञान विभागले सोमबारदेखि मनसुन बाहिरिन सुरु गरेको जानकारी गराएको छ ।

सोमबार यस वर्षको मनसुन नेपालको सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेशलगायत लुम्बिनी प्रदेशको पश्चिमी भू-भागको धेरै स्थान र गण्डकी प्रदेशको पश्चिमी भू-भागको थोरै स्थानहरूबाट बाहिरिएको विभागले सोमबार एक 'बुलेटिन' जारी गरी जनाएको छ । मनसुनी वायु कमजोर हुँदै गइरहेको हुनाले नेपालको बाँकी भू-भागबाट पनि केही दिनमा मनसुन बाहिरिने सम्भावना रहेको विभागका सूचना अधिकारी दिनकर कायस्थले जानकारी दिए । मौसम पूर्वानुमान महाशाखाले नियमित रुपमा मनसुन बहिर्गमन प्रक्रियालाई अनुगमन गरिरहेको छ र यससम्बन्धी थप जानकारी अद्यावधिक गर्दै जाने जनाइएको छ ।

# 'अहिलेसम्म टिकोटमा रासायनिक मल भित्रिएको छैन'

**म्याग्दी,** असोज २०/म्याग्दीको अन्नपूर्ण गाउँपालिका -७ टिकोटका वुद्धीवीर पुनले तरकारी खेतीबाट वार्षिक सात लाखसम्म आम्दानी गर्छन् । पन्ध्र रोपनीमा बन्दा, साग, आलु लगायत ताजा तरकारी र पाँच रोपनीमा किवी खेती गरेका ४६ वर्षीय पुन तरकारी र फलफुल खेतीबाट स्वरोजगारसँगै आत्मनिर्भर बनेका हुन् । १६ वर्षअघि तरकारी खेती गर्नुअघि पुनले रोजगारीका लागि पाँच वर्ष कतारमा श्रम र पसिना बगाएका थिए ।

"कृषिमा परिश्रम गरे राम्रो आम्दानी लिन सकिने मेरो अनुभव छ," उनले भो "ताजा तरकारी विक्री गरेर वार्षिक रुपमा पाँच देखि सात लाख सम्म आम्दानी हुन्छ ।" साँझ बिहान तरकारी र किबीको फार्मको स्याहार सुसारमा



व्यस्त वडा सदस्य समेत रहेका पुनले दिउँसोको समय सामाजिक काममा दिन्छन् । टिकोटको छिमेकी वस्ति घराम्दीका बासिन्दा रहेका अन्नपूर्ण गाउँपालिका-७ का पुर्व वडा अध्यक्ष गमप्रसाद फगामी पनि कार्यकाल सकिएपछि ब्यवसायिक तरकारी खेतीमा सक्रिय छन् । फगामीले पाँच रोपनी जग्गामा काँक्रो, बोडी, सिमी, गोलभेडा, बन्दा, काउली र साग खेती गरेका छन् । गोलभेडा खेतीका लागि उनलेतीन वटा पलास्टिक टनेल बनाएका छन् । फगामीका छिमेकी बाहालवाला वडा सदस्य गेमबहादुर पुनले ताजा र बेमौसमी तरकारीका साथै व्यवसायिक रुपमा आलु खेती गर्दै आएका छन् । घराम्दी र टिकोटका कृषकले उत्पादन भएको तरकारी र आलु सदरमुकाम बेनी र प्रदेशको राजधानी पोखरामा बिक्री हुने गरेको छ ।

यहाँ ५० जना भन्दा बढी व्यवसायिक किसान छन् । गाडीले तरकारी बोकेर बजार लैजाने गरेको छ । यहाँबाट वार्षिक दुई करोड भन्दा बढी मूल्यको आलु र एक करोड बराबरको बन्दा बिक्री हुने गरेको वडा सदस्य वुद्धिविर पुनले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## समस्याको समाधान खोजौं

नियमित रुपमा अहिले मुलुकका विभिन्न शहरहरुमा असामाजिक क्रियाकलापहरु बढी नै रहेका छन् । यस्तै समस्याहरु बीच मुलुक आफैमा अत्यान्त्यै विरामी जस्तै भएको पाईन्छ । युवाहरु धेरै जसो नकारात्मक सोंचबाट ग्रसित छन् । वयस्क अनि जेष्ठनागरिक आफैमा अन्यौलताका शिकार भएको देखिन्छ । देशले राजनैतिक निकासका लागि विभिन्न अययवहरु पहिल्याउँन खोजे जस्तो देखिन्छ तर पाएको छैन् । महिला र पुरुषहरु बीचका सहअस्तित्वहरु कमजोर जस्तै भएका छन् । समस्याहरुको पहिचानका लागि गरिने प्रयासहरु सबै असफल जस्तै देखिन्छन् ।

बिकासका कुरा गर्नेहरु अहिले बिकास भन्ने शव्द विस्मृतिको आँचलबाट चिहाईरहेको भानहुन्छ । जेनजीको नामबाट डरत्रास र भयका अवस्थाहरु मौलाई रहेका छन् । यी र यस्तै यस्तै समस्याहरुको समाधानका लागि नयाँ सरकारले गर्नेकामहरु पनि विश्वासिला देखिदैनन् । अविश्वासको वातावरणका बीच जनताका हरेक आवश्यकताहरु मनै मनका कुनामा अलमल गरेको आभास भई रहेको छ । यस्तो अवस्थाबाट निकास पाउँने कुन तरिका हो ? भन्ने कुराको खोजी गर्ने तर्फ कसैको पनि ध्यान जान सकेको छैन । परिस्थिति अत्यान्त्यै गम्भीर मोडबाट अगाडी बढी रहदा पनि पुरानै आरोप प्रत्यारोपबाट सरकारको कछुवा गतिलाई वदलेर छिटो छरितो गर्ने भन्ने बिषायले कुनै पनि समयमा प्रमुखता पाएका छैनन् । जेनजीको आन्दोलनबाट प्राप्त परिणामको रक्षा गर्ने कसले, यसको दायित्व र शासन व्यवस्थाको स्थायित्वका लागि भावी रणनीति कसरी निर्माण गर्नुपर्छ भन्ने तर्फ ध्यान नजानु आफैमा ठुलो समस्या हो । स्थानीय, प्रदेश र हालको कार्की सरकारको कार्ययोजनाहरु कुनै पनि अवस्थामा कार्यान्वयन गर्ने वाचा र वन्धनहरु वडादशै पछिका रात र दिन केवल सोंच गर्ने वाहेक व्यावहारिक रुपमा कार्यान्वयन गर्ने तर्फ आशामा फैलावट नुहुन आफैमा हामी सबैको कमजोरी हो । यसको समाधानका लागि एक जुट भएर नेपाली र नेपालका समस्याको दीगो रुपमा समाधान खोज्ने बाहेक अर्को विकल्प अहिलेलाई देखिदैन ।

### Opinion @ Social Network

समय, शक्ति, सम्पत्ति र शरीरले सधैं साथ
दिन सक्दैन, तर स्वभाव समझदारी र सच्चा
सम्बन्धले सधै साथ दिन्छ ।

*(माया गाहाको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.123)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिक चेतनाले ल्याएको विद्रोह



डा. गणेशप्रसाद घिमिरे

*नेताहरूले गरेका कामलाई सचेत गराउनुमात्र थियो भने आन्दोलन एक बित्ताअघि बढेको हो र परिवर्तन नै गरिदियो । यो परिवर्तनकाबाहक नेपाली युवक नै थिए । नेपालको राजनीतिमा युवा राजनीतिक दलका निकटमात्र छन् भन्ने भ्रम नेपालका नेताले पालेका थिए । तर त्यसो होइन रहेछ ।*

मानिसले समाजमा छिटो प्रगति गऱ्यो भने त्यसलाई समाज कति छिटो छलाङ माऱ्यो भन्छ । यो छलाङ हरेक क्षेत्रमा देखिन्छ । यही शब्दलाई प्रयोग गरिएको हुन्छ नेपाली समाजमा पनि । यही भदौ २३ र २४ गते भएको राजनीतिक परिवर्तन पनि छलाङ हो । त्यो छलाङ राजनीति गर्ने सचेत समूहको थिएन । थियो राजनीतिबाट देशको हालतप्रति दिक्क भएका युवाहरूको । युवाले देशको राजनीतिमै एउटा नजानिँदो छलाङ ल्यायो जो राजनीतिक दलका नेता र कार्यकतालाई पत्तै भएन । यसैलाई भनियो परिवर्तन र परिवर्तनले ल्याएको पहिचान पनि । केही समयपूर्व बंगलादेशमा यही अवस्था सिर्जना भएको थियो । त्यहाँकी प्रधामन्त्री भागेकी थिइन् । नेपालमा भने नेताहरू भाग्ने अवस्थामा रहेनन् । केही दिनपछि सञ्चारमाध्यममा आएर अभिव्यक्ति दिन थाले र दिइरहेका छन् । हामी सचेत छौं । हामीले देशका लागि गरेका थियौं भन्दै वाह ! नेताहरू हो । नेपाली युवा सचेत थियो वा थिएन । यो अवस्थासम्म आन्दोलन लैजाने उनीहरूको मानसिकता थियो वा थिएन । नेताहरू, उनका आसेपासेले गरेका कार्यलाई सचेत गराउनुमात्र थियो वा सत्ता नै परिवर्तन थियो त्यो उनीहरू नै जानून् । नेताहरूले गरेका कामलाई सचेत गराउनुमात्र थियो भने आन्दोलन एक बित्ताअघि बढेको हो र परिवर्तन नै गरिदियो । यो परिवर्तनकाबाहक नेपाली युवक नै थिए । नेपालको राजनीतिमा युवा राजनीतिक दलका निकटमात्र छन् भन्ने भ्रम नेपालका नेताले पालेका थिए । तर त्यसो होइन रहेछ । राजनीतिमा संलग्न नभएको तर देशका लागि सचेत युवाको समूह पनि रहेछ भन्ने तथ्यलाई यो आन्दोलनले प्रमाणित गरिदिएको छ । आन्दोलन सचेत, शिक्षित र जागरुक युवाको हो भन्ने विश्वासमा तत्कालीन सरकार थियो । जसले यो आन्दोलनले यति बिघ्न विध्वंश गर्ला भन्ने कल्पना गरेका थिएनन् तर त्यसो भएन । नेपालका हरेक शहरका नेताका घर र सरकारी कार्यालय धुवाँ-धुवाँ भए । नेताहरू मुकदर्शक बनेर आफू कसरी बाँच्ने भन्नेमा पुगे । यो अवस्थाको परिवर्तनलाई छलाङ भनिन्छ । यो छलाङ आग्रगामी भयो वा पश्चगामी समयले बताउँनेछ ।

**चाह बढी भयो**

आन्दोलनले विश्राम पाएपछि आन्दोलनले ल्याएको परिवर्तनमा एक्कासि सबै परिवर्तन एकैपटक खोजेको हुन्छ आन्दोलनकारीले । उसले चाहेको परिवर्तन भएन भने ऊ विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट बाहिरिन थाल्छ । बाहिरिने क्रममा उसका चाह र उसले अपेक्षा गरेका सबै कुरालाई किस्ताबन्दीमा होइन एकैपटक पूरा गर्न आग्रह गरेको हुन्छ । आन्दोलनको भयावह अवस्थाले जसरी नेपाली युवा र विद्यार्थीले मृत्यु पाए त्यो परिवर्तन एकैचोटी खोज्नु उनीहरूको चाह हो । परिवर्तन बिस्तारै वा किस्ताबन्दीमा हुने गर्दछ । एकैचोटी तत्कालीन प्रधानमन्त्री र गृहमन्त्री तथा सञ्चारमन्त्रीलाई जेल हाल भन्दै उफ्रनु ठीक होला रु तर कानुनी राज्यमा कानुनविपरीत जाने अधिकार कसैलाई पनि छैन । आन्दोलन र भिडले कानुन मान्दैन । आन्दोलन समाप्त भएपछि कुनै पनि सरकार कानुनसम्मत तरिकाले नै चल्नुपर्दछ ।

सुधार क्रमश: हुन्छ । छलाङबाट आन्दोलनले मात्र हुने हो । यो आन्दोलन नेपाली सचेत युवाको थियो वा बाहिरी हस्तक्षेप थियो त्यो भन्ने ल्याकत कसैले पनि राख्दैन । गणतन्त्रपछि आएको परिवर्तनले जुन किसिमको राजनीतिलाई प्रश्रय दिइयो त्यसप्रतिको विद्रोह हो भन्न भने कर लाग्छ सबैलाई । अब विस्तारै प्रतिक्रिया आउन थालेका छन् । राजनीतिक दल, आन्दोलककारी, सरकारमा बसेका मन्त्रीहरू र नेपालमा बुद्धिजीवी भनाउँदा व्यक्तिहरूका । यो आन्दोलन गर्ने पुस्ता सचेत पक्कै पनि थियो । ऊ हतियाररहित थियो । ऊ नेताहरूमा सुधारको अपेक्षा राखेर सडकमा आएको थियो । राजनीति कमाइ खाने भाँडो होइन भन्ने वर्ग थियो । राजनीति सेवा हो । विकासको आधार हो । नेपालको उन्नतिको पहिचान हो भन्ने थियो तर गणतन्त्रपछि राजनीतिमा त्यसो हुनसकेन । गणतन्त्रपछि भित्रभित्रै गुम्सिएको भावना ह्वात्तै बाहिर आयो र गणतन्त्रवादीहरूको सातो खायो । अहिलेको पुस्ता राजनीतिमा सचेत नभए पनि देशलाई माया गर्ने पुस्ता हो भन्ने तथ्यलाई प्रमाणित गरिदियो । आन्दोलनमा कसैले धमिलो पानीमा माछा नमारेका पनि होइनन् मारे । देशको विकास नचाहने र नेताहरूले बाँचेको राजसी जीवनशैलीलाई सडकमा पुऱ्याएर छोडे । उनीहरू आज बोल्न पनि नसक्ने अवस्थामा देखिए । उनीहरूका घरबाट निस्किएका धनका कुटिराले उनीहरूलाई लज्जाबोध भएको महसुस भएको छ । यदि कुनै नेता भ्रष्टाचारमा संलग्न हो भने कानुनसम्मत तरिकाले कारबाही हुनु आवश्यक छ । देशको ढुकुटी रित्ताएर आफ्नो झोला भरेको हो भने त्यसलाई नाङ्गेझार बनाउन आवश्यक छ तर कानुनका माध्यमबाट र कानुनसम्मत तरिकाले । आन्दोलन भयो, आन्दोलनबाट परिवर्तन ल्याइयो अब जे गरे पनि हुन्छ भन्ने छुट कसैलाई छैन । कानुनमा टेकेर कारबाही हुनु आवश्यक छ । सचेत, संवेदनशील, राजनीतिक चेत भएको युवाले कानुनको मार्ग अपनाउनु नै आवश्यक छ । केही कुराहरू सुधारको बाटोमा छन् । सुधार अवश्य हुनेछ । विश्वासमा बसौं । सरकारले गर्ने सुधारमा विश्वास राखौं । अपेक्षामात्र राख्ने कानुनलाई नमान्ने प्रवृत्ति सधैं हुँदैन आन्दोलनबाहेक । युवामा चेतना थियो र विद्रोह सफल भयो । विद्रोहबाट आएको सरकारले पुनर्निर्माण र परिवर्तन गर्न समय लाग्छ । केही समय कुरौं र सरकारका कामकारबाहीलाई हेरौं युवाहरू । सादगीपनका मन्त्रीहरू मन्त्रिपरिषद्ले अझै पूर्णता पाएको छैन । प्रधानमन्त्रीलाई पनि सकस नै छ । प्रधानमन्त्रीले आफ्नो मान्छे खोज्नु छैन । आफन्तलाई ल्याउनु छैन । राजनीतिक दल भएको भए यति वर्ष जेल परेको भन्ने हुन्थ्यो त्यो पनि छैन । सकसमा रहेकी प्रधानमन्त्रीले योग्य, क्षमतावान्, दाग नलागेका, नेपालको हितलाई सर्वोपरी ठान्ने व्यक्तिलाई खोज्नु छ । अझ सकस त आन्दोलनकारीको सहकार्यबाट नै सरकारलाई पूर्णता दिनु हो । असोज ९ गते प्रधानमन्त्रीले देशका नाममा सम्बोधनमा यो सरकारको आयु र यसले गर्ने कामलाई प्रमुख रूपमा राखेको देखियो । केही कुराहरू सरकारले गर्न नसक्ने अवस्थाको जिकिर पनि सरकारप्रमुखबाट आयो । यो सरकारको आयु मूलत: ६ महिना हो । यो सरकारले संघीय संसद्को निर्वाचन गराएर आफूलाई विश्रामतर्फ लैजाने हो । अब निर्वाचन गराउन गठन भएको सरकारबाट हामीले स्थायी सरकारको जस्तो अपेक्षा राख्नु पनि नालायकीपन नै हुन्छ । सरकारले केही सुधारका प्रयास गरेको देखिएको छ । जनतालाई प्रत्यक्ष फाइदा पुग्ने काम केही नभए पनि नेपालमा देखिएको फजुल खर्चलाई रोक्ने प्रयास गरेको देखियो । सादगीपूर्ण जीवन बाँच्ने शिक्षामन्त्री मन्त्री क्वार्टरमा नभई मन्त्रालयको एउटा कोठामा आफू बस्नुले जनतामा उनी महान् बनेका छन् । देश बनाउन यस्तै विचार र सादगीपन चाहिन्छ भन्ने सन्दर्भलाई उनका कर्मले देखाएको छैन र ! कति सरल व्यवहार, कति मिठो बोली, कस्तो सादगीपन । यही पनमा रम्नु उनको जीवन हो । अबको सरकारमा गएका मन्त्री भ्रष्ट नहोऊन् । आफू र आफ्नो मानिस नियुक्ति अस्वीकार गरून् । राज्यको सम्पत्ति दोहन नगरून् । यही कामना आजका नेपालीको चाहना हो । यो परिवेशमा रमाउन सके र आफूलाई देशका लागि समर्पित गर्ने जमर्कोमा लागे भने यो सरकारको पहिचान सावित हुनेछ । यही सादगीपनमा बाँच्न गणतन्त्रका नेताले सकेको भए अहिले तिनीहरूको हालत टिठ लाग्दो हुने थिएन । राजनीति गर्ने व्यक्ति वा पार्टीका समर्थक र अनुयायी हुन्छन् । उनीहरूमा नेताले पूर्वलाई पश्चिम भन्यो भने पश्चिम नै हो भन्ने दृढताले घर गरेको हुन्छ । उनीहरू नेताको वचनलाई भगवान्को वचन मान्ने प्रयासमा रहेका हुन्छन् । त्यसैले नेताका घरमा भेटिएको धनको रासलाई कागज भन्न र एआईले गरेको भन्नसमेत पछि पर्दैनन् । २०४६ सालदेखि सत्तारोहण गरेका नेतालाई बचाउन ती दलका कार्यकर्ता र जल्न लागेको घरको आगो निभाउन एकजना पनि उपस्थित नहुनुले के कुराको संकेत गरेको देखिन्छ रु राजनीतिमा धन, मान, सम्मान जति कमाए पनि मानिस कमाउन नसक्नु नै उनीहरूले गरेको राजनीतिको कमजोर कडी बन्यो विपद्का समयमा । अन्धभक्त नबनौं । सत्यलाई सत्य भनौं । झुठलाई झुठ भन्ने बानी बसालौं । यदि कार्यकर्ता अन्धभक्त र चाटुकार नभएको भए नेताको यो अवस्था आउने थिएन ।

नेताले पनि कार्यकर्ता र नेपालीको पीडा बुझेको भए यो आपत् भोग्नुपर्ने थिएन । देश र जनताका बारेमा सोचेर राजनीति गरेको भए घर, पार्टी कार्यालय खरानी हुने थिएनन् । राजनीति आफ्ना लागिमात्र गरियो । राजनीति आफन्त र पैसाका लागिमात्र गरियो भन्ने तथ्यलाई प्रमाणित गरिदिएन र ! आउँदो निर्वाचन दलीय व्यवस्थाको हुनेछ । दलबिना स्वतन्त्र निर्वाचनमा सहभागी भएर सरकार बनाउन र आन्दोलनले उठाएका सन्दर्भलाई पूरा गर्न सकिँदैन । सचेत युवा राजनीतिमा सक्रिय हुनका लागि दलीय व्यवस्थामा विश्वास गर्नु अनिवार्य मानिन्छ । पुराना दलमा माओवादीले आफ्ना वर्गीय संगठन विघटन गरेर महाधिवेशनमा जाने निर्णय गरिसक्यो । एमाले तथा कांग्रेसको चाल त्यता जानेभन्दा पनि शीर्ष व्यक्तिलाई नै भजाएर आफ्नो दुनो सोझ्याउने प्रयासमा लागेको देखिन्छ । खड्गप्रसाद ओली र शेरबहादुर देउवाले आफूलाई तटस्थ राखेर नेतृत्व हस्तान्तरण गर्न आवश्यक छ । यदि त्यसो भएन भने यी दलको अवस्था सारै कमजोर हुने देखिन्छ । आफू कमजोर भएर केही हुँदैन । इतिहास बोकेका यी पार्टी कमजोर हुनुहुँदैन । अब खोलिने पार्टी र आन्दोलनकारी शक्तिसित प्रतिस्पर्धामा जानुपर्ने हुनाले सचेत बनौं र आफूलाई सुधारौं । चेतना भया ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५९९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रमाइलो यात्रा रहनेछ । चिताएको कामले तीव्रता लिनेछ । | **तुला** : धार्मिक काममा रुचि बढ्नेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |
| **वृष** : शुभारम्भको चर्चा चल्ने र विभिन्न अवसर आउनाले मन प्रसन्न रहनेछ । | **वृश्चिक** : समस्यामा अल्झिनु पर्नेछ, तर आफन्तबाट साथ र हौसला मिल्नेछ । |
| **मिथुन** : पारिवारिक सद्भाव बढ्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । | **धनु** : आफन्तबाट सहयोग मिल्नेछ । सामाजिक काममा सफलता पनि पाइनेछ। |
| **कर्कट** : प्रगतिले मन रमाउनेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । | **मकर** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । कार्यक्षेत्रमा प्रगति हुनेछ । |
| **सिंह** : नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइएला । | **कुम्भ** : दिन मध्यम खालको छ । काममा बिघ्नबाधा आउन सक्ने देखिन्छ। |
| **कन्या** : विद्या र बुद्धिको विकास हुनेछ। कार्य सम्पादनमा सहजता मिल्नेछ । | **मीन** : सामान हराउने भय छ । आफैंलाई सन्तुष्टि नमिल्ने देखिन्छ । |

विज्ञान/सूचना प्रविधि

# नेपालकै पहिलो सामाजिक सञ्जाल 'ग्लोबल डायरी' सार्वजनिक




*नेपाली आइटी विज्ञ युवाले आफ्नै लगानी र ज्ञानको उपयोग गर्दै सिर्जना गरेको यस प्लेटफर्ममा एआई सञ्चालित बुद्धिमत्तासँग, ग्लोबल डायरी विश्वसनीय जडान, सस्तो डिजिटल उपस्थिति र दिगो वृद्धि सुनिश्चित गरिएको ग्लोबल डायरीका प्रमुख कार्यकारी अधिकृत भगवानदास अग्रहरि बताउँछन् । उनका अनुसार ग्लोबल डायरी नेपालको माटोमै बनाइएको भए तापनि यसको उद्देश्य, कार्यशैली र पहुँच भने अन्तर्राष्ट्रिय मापदण्डअनुसार तयार गरिएको छ ।*

नेपाललाई डिजिटल रूपमा जोड्न, व्यक्तिहरूदेखि व्यवसायसम्म-नवप्रवर्तन, सहकार्य र विश्वस्तरीय प्रतिस्पर्धात्मकता बढाउने उद्देश्यले नेपालकै पहिलो एआई प्रविधिद्वारा सञ्चालित सामाजिक सञ्जाल प्लेटफर्म 'ग्लोबल डायरी' सार्वजनिक गरिएको छ । नेपालमै विकास गरिएको यस सामाजिक प्लेटफर्मले डिजिटल रूपान्तरण, व्यावसायिक सशक्तीकरण र समावेशी प्राविधिक विकासलाई एकैसाथ अघि बढाउने महत्वाकाङ्क्षासहित औपचारिक यात्रा सुरु गरेको हो । व्यवसाय, व्यक्तित्व र सरकारी निकायलाई सशक्त बनाउने उद्देश्यले तयार पारिएको यस प्लेटफर्ममा सम्पर्क, व्यापार र अवसरहरूलाई एउटै प्लेटफर्ममा समेटिएको छ । नेपाली आइटी विज्ञ युवाले आफ्नै लगानी र ज्ञानको उपयोग गर्दै सिर्जना गरेको यस प्लेटफर्ममा एआई सञ्चालित बुद्धिमत्तासँग, ग्लोबल डायरी विश्वसनीय जडान, सस्तो डिजिटल उपस्थिति र दिगो वृद्धि सुनिश्चित गरिएको ग्लोबल डायरीका प्रमुख कार्यकारी अधिकृत भगवानदास अग्रहरि बताउँछन् । उनका अनुसार ग्लोबल डायरी नेपालको माटोमै बनाइएको भए तापनि यसको उद्देश्य, कार्यशैली र पहुँच भने अन्तर्राष्ट्रिय मापदण्डअनुसार तयार गरिएको छ । यस प्लेटफर्मले व्यक्तिगत प्रयोगकर्ता, व्यावसायिक संस्था तथा सरकारी निकायलाई एउटै डिजिटल संरचनामा जोडेर सम्पर्क, व्यापार, सेवा तथा अवसरलाई सजिलै पहुँचयोग्य बनाउने उद्देश्य बोकेको छ । नेपालको टुक्रिएको डिजिटल संरचनालाई सम्बोधन गर्दै एउटै एआई-सञ्चालित बहुपक्षीय प्लेटफर्ममार्फत सबै पक्षलाई सशक्त बनाउने लक्ष्यसहित ग्लोबल डायरीको निर्माण गरिएको उनको भनाइ छ । नेपालको टुक्रिएको डिजिटल प्रणालीलाई समाधान गर्नु र व्यक्तिहरू, व्यवसायहरू तथा सरकारी निकायलाई एउटै कृत्रिम बुद्धिमत्ता (एआई) चालित डिजिटल मञ्चमार्फत सशक्त बनाउनु ग्लोबल डायरी निर्माणको मुख्य उद्देश्य रहेको संस्थाका अध्यक्ष शेखर अर्यालले जानकारी दिए । उनका अनुसार विभिन्न डिजिटल उपकरणमा छरिएका जानकारीको सट्टा, ग्लोबल डायरीमा प्रयोगकर्ताले आफ्नो परिचय, व्यवसाय पृष्ठ र व्यावसायिक विवरण सहजै व्यवस्थापन गर्न सक्छन् । ग्लोबल डायरीलाई सस्तो र विस्तारयोग्य ( स्केलेबल) बनाइएको छ, जसले साना व्यवसाय र व्यक्तिहरूलाई पनि आधुनिक डिजिटल उपकरणहरू प्रयोग गर्ने अवसर प्रदान गर्नेछ । व्यक्तिहरूले आफ्नो सीप, उपलब्धिहरूको सङ्कलन ( पोर्टफोलियो), उपलब्धि तथा सेवाहरू प्रस्तुत गर्न सक्छन्, जसले नेटवर्क विस्तार, रोजगारी, र स्वतन्त्र पेसागत (फ्रिलान्स) अवसरहरू बढाउने हुँदा यसले प्रयोगकर्ताको सशक्तीकरण गर्ने बताइएको छ । साना व्यवसाय, नवउद्यम (स्टार्टअप) तथा ठूला कम्पनीहरूले विपणन उपकरण, विश्लेषणात्मक सुविधा, ग्राहक संलग्नता प्रणाली, र भर्ती (हायरिङ) मञ्चमार्फत प्रभावकारी रूपमा विस्तार गर्नसक्ने अध्यक्ष अर्याल बताउँछन् । साथै, देशमै विकास गरिएको डिजिटल मञ्चका रूपमा, यसले नेपालमा आधारित आवश्यकता, मापदण्ड र राष्ट्रियस्तरको डेटा सुरक्षालाई प्राथमिकता दिने उनले जानकारी दिए । परम्परागत डिजिटल मञ्चले नेपाली प्रयोगकर्ता, व्यवसाय र सरकारी निकायलाई पर्ने वास्तविक समस्या समाधान गर्न सक्दैनन् तर ग्लोबल डायरीले भने देशभरका व्यक्तिहरू र व्यवसायलाई एउटै डिजिटल मञ्चमा जोडेर डिजिटल समावेशिता तथा नवप्रवर्तनको मार्ग खोल्नेछ । यसले करिब ६० प्रतिशतसम्म डिजिटल खर्च घटाउने, स्थानीय रोजगारीका अवसर, व्यक्तिगत रुचिअनुसारको खोज र भरपर्दो सम्पर्कको पहुँच बढाउने मात्र नभई केन्द्रीय व्यावसायिक तथ्याङ्क, डिजिटल समावेशीकरणमा सहयोग र विदेशी डिजिटल मञ्चमा जाने वार्षिक १५० मिलियन अमेरिकी डलरभन्दा बढीको विज्ञापन खर्च रोक्ने उनको दाबी छ । यस प्लेटफर्मले स्थानीयस्तरमै विकास र विश्व बजारसम्म पुग्ने क्षमता राख्नेछ । यस्तै सस्तो र सबैलाई समेट्ने खालको तथा केबल सुविधा दिने मात्र नभई वास्तविक समस्या समाधान गर्ने, समुदाय-केन्द्रित विकासलाई अगाडि बढाउने माध्यमका रुपमा लिइएको संस्थाले जनाएको छ । यसमा अन्य सामाजिक सञ्जालमा जस्तै व्यक्तिहरूले आफ्नो सीप, अनुभव, उपलब्धि र पोर्टफोलियो सजिलै प्रदर्शन गर्न सक्छन् भने साना व्यवसायदेखि ठूला कम्पनीसम्म आफ्ना सेवा र उत्पादनहरू डिजिटल रूपमा प्रस्तुत गर्न सक्छन् । यस प्लेटफर्ममा एआई-चालित सुझाव प्रणाली भएकाले नेटवर्किङ, रोजगारी वा व्यवसाय वृद्धि लागि उपयुक्त अवसरहरू सिफारिस गर्न, व्यक्तिहरू, व्यवसाय र सरकारी निकायलाई एउटै प्लेटफर्ममा जोड्ने सुविधा प्राप्त गर्न सकिनुका साथै व्यवसायहरूका लागि डिजिटल मार्केटिङ, विज्ञापन, र ग्राहक संलग्नता उपकरण, व्यवसाय र व्यक्तिगत प्रोफाइलको प्रदर्शन, पहुँच र प्रभाव मूल्याङ्कन गर्ने सुविधा पनि प्राप्त गर्न सकिन्छ । सजिलै सम्पर्क, प्रोफाइल र सेवा साझा गर्न क्युआर कोड आदानप्रदान गर्न, व्यवसाय र व्यक्तिहरूले आफ्ना सेवा वा उत्पादनहरू सूचीबद्ध गर्न, नयाँ अवसर, समाचार वा सूचना सही समयमा प्राप्त हुने सुविधा उपलब्ध हुन सक्दछ ।

***-रासस***

# प्रविधिले सिर्जना गरेको 'लुइस अर्थतन्त्र'





निरोजन खड्का (नाम परिवर्तन) पेसाले सञ्चारकर्मी हुन् । जीवनका झण्डै दुई दशक आधार दर्जन बढी मिडिया हाउसमा रहेर पत्रकारिता गरेका उनीसँग लेखन, वाचन र प्रस्तुतीकरणको राम्रो खुबी छ । तरजागिरे जीवनदेखि वाक्क लागेपछि अहिले उनी आफैँले युट्युब च्यानल सञ्चालन गरेका छन् । उनी समसामयिक विषयमा सम्बन्धित व्यक्तिसँग अन्तर्वार्ता लिन्छन्, आम चासो र जिज्ञासा समेटेर भिडियो बनाउँछन् । करिब तीन लाख सब्सक्राइबर रहेको उनको च्यानलले अहिले उनलाई जागिरे जीवनको भन्दा बढी आर्जन भइरहेको छ । निरोजन भन्छन्, 'जुनसुकै रुपमा पनि मान्छे सक्रिय भइरहन्छ । मेरो सक्रियता पनि पहिले र अहिले उत्तिकै छ । तर पहिलेको मिडिया हाउसले बनाएको नियम अनुसार चल्नुपर्थ्यो, अहिले आफ्नै नियम अनुसार चल्न पाइन्छ । कमाइ एकनास हुँदैन, अहिले त फेसबुक पनि मनिटाइज भयो, आम्दानी बढ्न सक्छ ।' रियान सुब्बा राइड सेयरिङ चालक हुन् । पाँचथरबाट काठमाडौँ आएका उनी अहिले स्नातक तह अध्ययन गर्दैछन् । विदेश जाने तयारीका लागि उनी भाषा कक्षा पनि लिँदै आएका छन् । दैनिक खर्च चलाउन राइड सेयरिङको काम गर्दै आएको उनी बताउँछन् । म राति राइड सेयरिङको काम गर्छु, राति काम गर्दा जाम हुँदैन, कहिलेकाहीँ अफलाइन गर्न नि पाइन्छ । दिउँसो पढ्छु, खर्च पनि चलेको छ । भयो भने विदेश जान्छु, भएन भने यतै ब्याचलर्स सकाउँछु, अनि के गर्ने सोच्नुपर्ला,' उनी भन्छन् । एउटा प्रतिष्ठित व्यापारिक कम्पनीमा काम गर्दै आएकी अनुष्का श्रेष्ठ अहिले अन्योलमा छिन् । भदौ २४ गतेको जेनजी आन्दोलन भएको आगजनीपछि उनी अहिले काममा गएकी छैनन् । 'अहिलेसम्म अफिसले केही भनेको छैन,' उनी भन्छिन्, 'जागिर गयो भने अब अनलाइन मार्केटिङतिर लाग्नुपर्ला । साथीसँग यस्तै सल्लाह भइरहेको छ ।' यी त केही प्रतिनिधि उदाहरण हुन् । काठमाडौँलगायत मुख्य सहरहरुमा अहिले हजारौँ संख्यामा त्यस्ता मानिसहरू छन्, जसले स्वरोजगारीका यस्तै नयाँ अवसरलाई सदुपयोग गरिरहेका छन् । खासगरी मोबाइल तथा इन्टरनेटको पहुँच भएका र सामाजिक सञ्जाल राम्रोसँग चलाउन जान्ने व्यक्तिको रुचिमा यो पेसा रहने गरेको देखिन्छ । सन् १९५० को दशकमा प्रसिद्ध अर्थशास्त्री विलियन आर्थर लुइसले द्वैध अर्थतन्त्रबारे व्याख्या गरेका थिए । उनका अनुसार ग्रामीण अर्थतन्त्र प्राथमिक वस्तुको उत्पादनसँग सम्बन्धित हुन्छ । ग्रामीण अर्थतन्त्रले जमिनबाट उत्पादन हुने कृषि तथा खानीजन्य वस्तुको उत्पादन गर्छ । त्यसलाई सहरी अर्थात् औद्योगिक अर्थतन्त्रमार्फत प्रशोधन वा तयारी गरिन्छ । त्यसले दुई अर्थतन्त्रबीच वस्तु, सेवा, स्रोतसाधन र जनशक्तिबीचको एउटा 'सर्कुलर फ्लो' तयार हुन्छ । रोजगारीको सन्दर्भमा लुइसको अर्को व्याख्या छ । सहरी अर्थतन्त्रले आफूलाई आवश्यक जनशक्ति ग्रामीण अर्थतन्त्रबाट आपूर्ति गर्छ । यसरी आपूर्ति सहज किन हुन्छ भने सहरी अर्थतन्त्रको ज्यालादर ग्रामीणको भन्दा धेरै हुन्छ । जब सहरमा रोजगारी घट्छ, मान्छे फेरि गाउँमै गएर खेतीकिसानी गर्छ भन्ने मान्यता उनको थियो । अर्थशास्त्री लुइसको करिब ७० वर्षअघिको यो व्याख्या विकसित देशमा धेरै परिवर्तन भइसकेको छ । खासगरी कृषिको व्यवसायीकरण भएपछि अहिले यो व्याख्याले धेरै हदसम्म काम गर्न छोडेको छ । तरनेपालजस्तो अर्थतन्त्रमा भने यो व्याख्या अझै सान्दर्भिक नै देखिन्छ । पछिल्लो समय वैदेशिक रोजगारीको ट्रेन्डले केही फरक अभ्यास देखिएपनि सहरमा रोजगारी गुमाएपछि गाउँ फर्किने चलन नेपालका लागि नौलो होइन । तरपछिल्ला वर्षमा भित्रिएका स्वरोजगारीका नयाँ अवसरले भने रोजगारीको अवस्थालाई समेत परिमार्जन गर्दै गएको देखिन्छ । माथिका उदाहरणजस्तै सहरी क्षेत्रका केही त्यस्ता स्वरोजगारीका अवसर सिर्जना भएका छन् । जसले असीमित रोजगारीलाई स्वीकार गर्न सक्छ । यसले सहरी बेरोजगारीको बदला सहरमै अवसरको अवस्था सिर्जना भएको अर्थशास्त्रीहरू बताउँछन् । अर्थशास्त्री दिलनाथ दंगाल पछिल्लो समय सूचना प्रविधि क्षेत्रको बढ्दै गएको प्रयोगले सहरभित्र यस्ता स्वरोजगारीका विभिन्न अवसर खुल्दै गएको बताउँछन् । यसले कुनै पनि रोजगारी वा पेसामा आवद्ध भएका व्यक्तिको जागिर गुम्यो भन्दैमा परम्परागत रुपमा गाउँ फर्किनुपर्ने वा सहरमै बेरोजगार भएर बस्नुपर्ने अवस्था अब नरहेको उनको भनाइ छ । पछिल्लो समय फस्टाउँदै अर्थतन्त्रको यो महत्त्वपूर्ण हिस्सा भएको उनको भनाइ छ ।

**कुन क्षेत्रमा कति छ अवसर ?**

डिजिटल प्रविधिमा आधारित तथा छोटो अवधि काम गर्ने तथा अस्थायी प्रकृतिका यस्ता अवसर तथा रोजगारी सिर्जना गर्ने अर्थतन्त्रलाई 'गिग अर्थतन्त्र' भनिन्छ । सुरुमा छोटो समयको कामलाई जनाउने यो शब्दको प्रयोग अहिले व्यापक ढंगबाट गर्न सुरु गरिएको छ । नेपालमा राइड सेयरिङ, कन्टेन्ट क्रिएसन, फुड डेलिभरी, इमार्केटिङदेखि सफ्टवेयर निर्माण तथा अन्य सूचना प्रविधिसम्बन्धी सेवालाई 'गिग' अर्थतन्त्रको हिस्सा मानिन्छ । यो पेसामा पछिल्लो समय युवादेखि वयस्क पुस्तासम्मको आवद्धता बढ्दै गएको बताइन्छ । यो क्षेत्रमा कति व्यक्ति आवद्ध छन् भन्ने सम्बन्धमा यकिन तथ्यांक नभएपनि केही अध्ययनले यससम्बन्धी अनुमान गरेका छन् । एचआरएम नेपालको एउटा तथ्यांक अनुसार अहिले राइड सेयरिङमा मात्रै झण्डै १ लाख २५ हजार व्यक्ति आवद्ध रहेको र १० लाखभन्दा धेरैले यसको प्रयोग गर्ने गरेका छन् । अहिले पठाओ, इन्ड्राइभ, याड्डो, सहारा एप, सजिलो एप, ट्याक्सीमाण्डू, जुमजुम लगायत राइड सेयरिङ एप बढी प्रचलनमा छन् । त्यस्तै, अनलाइन फुड डेलिभरीमा पनि अहिले आकर्षण बढ्दो छ । यो सेवामा अहिले नै १० हजार भन्दा धेरै व्यक्ति रोजगारीमा रहेको अनुमान गरिएको छ । फुड डेलिभरीका लागि अहिले फुडमाण्डु, पठाओ फुड, भोजजस्ता एप्लिकेसनहरू छन् । त्यस्तैयुबट्युब, फेसबुक, टिकटकलगायत सामाजिक सञ्जालको प्लेटफर्मका लागि कन्टेन्ट क्रिएसन गर्नेको जमात पनि अहिले ठुलो छ । ब्लगर तथा कन्टेन्ट क्रिएटर समेत गरी दशौं हजार व्यक्ति यसमा आवद्ध रहेको देखिन्छ । पछिल्लो समय सामाजिक सञ्जालकै प्रयोग वा आफ्नै अनलाइन प्लेटफर्ममार्फत इमार्केटिङ गर्ने चलन समेत बढ्दै गएको छ । खासगरी कपडा, जुत्ताचप्पल, खेलौनादेखि, गिफ्टदेखि सेकेन्डह्यान्ड वस्तुसम्म बिक्रीमा समेत यस्तो प्लेटफर्मको प्रयोग हुँदै आएको देखिन्छ । सूचना प्रविधि (आईटी) क्षेत्रको शिक्षा हासिल गरेका युवापुस्ताले त अहिले आफनै एप्लिकेसन तथा सूटवेयरहरू बनाउने काम समेत गर्दै आएका छन् । यसमध्ये कतिपय व्यावसायिक रुपमा हुँदै आएको छ भने कतिपयले भने फ्रिलान्सरको रुपमा समेत आवद्ध हुँदै आएको विज्ञहरू बताउँछन् । अर्थशास्त्री दंगाल नेपालजस्ता देशले अहिले ग्रोथ-पोल (एउटा विकसित क्षेत्रले अन्य क्षेत्रलाई विकासतिर डोहोर्याउँछ भन्ने अवधारणा) र ग्रोथ सेन्टर (एउटा निश्चित क्षेत्रलाई केन्द्रित गरेर विकस गर्ने अवधारणा) दुवै अनुसार विकास तथा सहरीकरणलाई विस्तार गर्दै आएको सन्दर्भमा पछिल्लो समय यस्ता अवसर सिर्जना हुँदै गएको बताउँछन् । 'पहिले सानो सानो रहेका बजारहरू विस्तार भएर अहिले ठुला सहर बनेका छन् । संघीयतापछि प्रदेश र स्थानीय तहलाई केन्द्रित गरेर विकास कार्य अघि बढाउने चलन भएकाले थप क्षेत्र विकसित हुँदै पनि गएका छन् । यसले बजारको विस्तार गरेको छ, अवसर पनि सिर्जना गर्दै गएको छ,' उनी भन्छन् । अब कम्तीमा पनि काठमाडौँ, पोखरा, विराटनगर, वीरगञ्ज, चितवन, बुटवल, नेपालगञ्जजस्ता सहरमा मान्छे बेरोजगार भएँ भनेर बस्नुपर्ने अवस्था नरहेको र डिजिटल प्रविधिलाई सदुपयोग गरेर स्वरोजगारमा आवद्ध भइहाल्न सक्ने अवस्था रहेको उनको भनाइ छ । उनी भन्छन्,'गाउँसम्म चाहिँ यो अवस्था पुगेको छैन, यसका लागि समय लाग्छ।'

***-रातोपाटी डटकम***

# अलपत्र यात्रु ल्याउन वायुसेवा निगमको विमान उड्यो



**काठमाडौं,** असोज २०/भैरहवामा अलपत्र यात्रुको चार्टर्ड उडानमार्फत काठमाडौं ल्याउन भनी नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को 'न्यारो बडी ए ३२०' विमान त्यसतर्फ उडेको छ ।

काठमाडौंबाट ८३ यात्रु लिएर गएको 'आरए १७३१' उडान नम्बरको विमानले भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट १५१ यात्रु लिएर काठमाडौं आउनेछ । यद्यपि यात्रु सङ्ख्या केही तलमाथि हुनसक्ने निगमले जनाएको छ । निगमले आरए १७३२ उडानमार्फत दिउँसो २:४५ बजे काठमाडौं उडानको तालिका बनाएको भए पनि निर्धारित समयभन्दा ढिलो उडेकाले समय लाग्ने जनाइएको छ । प्रधानमन्त्री सुशीला कार्कीको विशेष पहल र मुख्यसचिव एकनारायण अर्यालको समन्वयमा नेपाल वायुसेवा निगमको विमानमार्फत भैरहवा आसपासमा अलपत्र परेका यात्रुहरूलाई काठमाडौं ल्याउन लागिएको हो ।वायुसेवा निगमले उद्धार उडानमार्फत देशमा बाढी र पहिरोका कारण सिर्जित विषम परिस्थितिमा सरकारको विशेष निर्देशनबमोजिम आज एक उद्धार उडान गरिएको जनाएको छ । उक्त उडानमा काठमाडौंबाट रु पाँच हजार र भैरहवाबाट रु सात हजार भाडादर तोकिएको छ ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थका प्रवक्ता रिन्जी शेर्पाले आज मौसम अनुकूल रहेकाले नियमित रुपमा उडान सञ्चालन भइरहेको जानकारी दिए । उद्धार उडानमा अशक्त, ज्येष्ठ नागरिक बिरामी तथा अत्यावश्यक यात्रुलाई विशेष प्राथमिकता दिइने निगमले स्पष्ट गरेको छ । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थका महाप्रबन्धक प्रतापबाबु तिवारीका अनुसार भैरहवामा उल्लेख्य सङ्ख्याका यात्रु उडानको प्रतीक्षामा छन् । "विमानस्थलमा धरै यात्रु छन् । विमानको सिट सीमित छ । केही एयरलाइन्सले उडान थपे पनि यात्रुको चाप अत्यधिक छ । उडान थपेर यात्रुलाई गन्तव्यमा पुऱ्याउन विमानस्थल लागिपरेको छ," महाप्रबन्धक तिवारीले भने ।

## खेलकुद समाचार

### विश्वकप विजेता बर्नार्ड जुलियनको निधन



**काठमाडौं,** असोज २०/वेस्ट इन्डिजका पूर्वअलराउन्डर बर्नार्ड जुलियनको ७५ वर्षको उमेरमा उत्तरी ट्रिनिडाडको भाल्सेन शहरमा शनिवार निधन भएको छ । बर्नार्ड जुलियन सन् १९७५ को विश्व विजेता टोलीका हिस्सा थिए । जुलियनले वेस्ट इन्डिजका लागि २४ टेस्ट र १२ एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट खेलेका छन् ।

५० वर्षअघि भएको पहिलो एकदिवसीय विश्वकपमा जुलियनले समूह चरणमा श्रीलङ्कासँगको खेलमा २० रन दिएर ४ विकेट लिएका थिए । यस्तै उनले सेमिफाइनलमा न्युजिल्यान्डसँगको खेलमा २७ रन दिएर ४ विकेट लिएका थिए भने फाइनलमा अस्ट्रेलियासँगको खेलमा ३७ बलमा २६ रन बनाएका थिए । वेस्ट इन्डिजका पूर्वकप्तान क्लाइभ लोयडले जुलियनलाई १९७५ को प्रतियोगिताको एक महत्त्वपूर्ण सदस्यका रूपमा प्रशंसा गरेका छन् ।नेपालकी कविता कुँवरले दुई विकेट लिए । योसँगै पाँच खेलको टी-२० शङ्खलामा मलेशियाले २-१ को अग्रता लिएको छ । शङ्खलाको पहिलो खेलमा नेपाल तीन रनले पराजित भएको थियो भने दोस्रो खेलमा ६ विकेटले विजयी भएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# दशैंमा झण्डै ६ अर्ब रुपैयाँको सुकिला नोट साटिए



**पाल्पा,** असोज २०/ यस वर्षको दशैंमा झण्डै ६ अर्ब रुपैयाँको सुकिला नोट साटिएका छन् । राष्ट्र बैंकले भदौ २९ गतेदेखि असोज १० गतेसम्म सटही खुल्ला गरेकोमा झण्डै ६ अर्ब रुपैयाँको सटही भएको जनाएको छ । गएको वर्ष झण्डै चार अर्ब रुपैयाँको सुकिला नोट सटही भएको थियो ।

यी दुबै बर्षको रकम नयाँ नोट सटही हुने बर्षहरुको भन्दा निकै कम हो । सरकारले २०८० सालको दशैंसम्म नयाँ नोट सटही गर्ने गरेको थियो । २०८० सालमा झण्डै २९ अर्बको नयाँ नोट साटिएका थिए । गएको बर्ष नयाँको सट्टा सुकिला नोट साट्न थालेपछि एकैपटक चार अर्बमा झरेको हो । यसपाली पनि ६ अर्बको हाराहारीमा मात्रै सटही भएको छ । यसरी हेर्दा नयाँ नोटको तुलनामा सुकिला नोटप्रति आकर्षण कम रहेको छ । बजारमा पहिलो पटक पठाइएका नोटलाई नयाँ र बजारमा चलनचल्तीमा रहेका तर सफा र राम्रै अवस्थामा रहेका प्रयोगयोग्य नोटलाई सुकिला नोट भनिन्छ । दशैं लक्षित नयाँ नोट छाप्नुभन्दा बजारमा नोटको आबश्यकताका आधारमा मात्रै नोट छपाइ गर्दा खर्च कम हुने भएकोले दशैंमा सुकिला नोट सटही गर्न थालेको राष्ट्र बैंकले जनाएको छ ।


# प्रकोप जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं ।

-सम्भावित जोखिमको मूल्याङ्कन गरौं,
-भूकम्प, बाढी, आगलागिजस्ता सम्भावित प्रकोपको बारेमा सचेत बनौं,
-सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
-घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
-सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
-खाद्यान्न, पानी, प्राथमिक उपचार सामाग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
-प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
-बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# 'अहिलेसम्म टिकोटमा...

...टिकोट र घराम्दी समुन्द्रि सतहदेखि दुई हजार तीन सय मिटर उचाईमा रहेको छ । चिसो हावापानीमा जैविक विधिबाट उत्पादन भएको तरकारी स्वस्थकर र स्वादिलो हुने भएकाले उपभोक्ताको रोजाईमा परेको छ । अन्नपूर्ण गाउँपालिकाले टिकोटमा तरकारी पकेट कार्यक्रम सञ्चालन गरेको कृषि अधिकृत श्याम शरण कुर्मीले बताऐ । कार्यक्रम मार्फत कृषकहरुलाई तरकारी खेतीका लागि आवश्यक विउ, टनेल, सिचाई सामग्री उपलब्ध गराएको उनले बताए । खर्चिलो र मानव स्वास्थ्यका लागि प्रतिकुल मानिएको रासायनिक विषादी र मलको विकल्पमा जैविक बिधीबाट तरकारी खेती गरेका छन् । टिकोटका किसान टिका तिलिजा पुनले तरकारीमा रोगकिरा लाग्न नदिन र नियन्त्रण गर्नका लागि गाईभैसीको मलमुत्र प्रयोग गरेको बताए । "पलास्टिकको वोत्तलमा संकलन गरेर राखेको गाईभैसीको मुत्रलाई आवश्यक पर्दा बिरुवाको जरा, जरामा हाल्छनैं," उनले भो " टिकोटमा रासायनिक मल पनि अहिलेसम्म भित्रिएको छैन् ।" यहाँका किसानको प्रत्येक गोठमा गाईभैसीको मुत्र संकलन गरेर राखेका छन् । *-रासस*


## सूचना ! सूचना !! सूचना !!!

यस मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्थाको २४औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ ।

**मिति :२०८२/०७/२१**
**स्थान : तानसेन नगरपालिकाको सभाहल**
**समय : दिनको १२:३० बजे**

अनुरोधक
मधु दयाल सैंजु

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई